बैठक संख्या: ७।२०८३-२०८४
बैठक मिति:२०८३।०५।२६ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०५।२६ गते शुक्रबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा.वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बासुदेव माझी | का.वा. वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुख प्रशासकीय अधिकृत | |

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री संदिप झा | इन्जिनियर | |
| ३ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ४ | श्री मुना पोखरेल | प्रशासन शाखा | |
| ५ | | | |
| ६ | | | |



CamScanner

बैठक संख्या: ७।२०८३-२०८४
बैठक मिति:२०८३।०५।२६ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१.प्रस्ताव नं. १: संघीय सहरी विकास तथा भवन निर्माण कार्यालयमा योजना सिफारिस सम्बन्धमा।

२.प्रस्ताव नं. २: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङ, विराटनगरको च.नं. २६०, मिति २०८३।०५।१७ गतेको पत्रानुसार रामधुनी नगरपालिकामा शहरी पूर्वाधार निर्माण कार्यका लागि विनियोजित रु. ७,००,००,०००।— (अक्षेरुपी सात करोड रुपैयाँ मात्र) बजेटबाट सञ्चालन हुने योजनाहरूको पूर्वतयारीका लागि नगरपालिकाको आवश्यकता, प्राथमिकता, पूर्वाधार विकासको अवस्था तथा उक्त पत्रमा उल्लिखित आयोजना पहिचान, प्राथमिकिकीकरण र छनौटको सीमासमेतलाई मध्यनजर गरी तपसिलबमोजिमका आयोजनाहरूमा समान्तर रूपमा बजेट विनियोजन गरी सम्पन्न गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने तथा उक्त आयोजना निर्माणपश्चात् नगरपालिकालाई हस्तान्तरण भएमा सोको दिगो सञ्चालन, व्यवस्थापन तथा मर्मत—सम्भार नगरपालिकाबाटै गर्ने प्रतिबद्धतासहित सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

तपसिल:

| क.स | आयोजनाको विवरण | कैफियत |
|---|---|---|
| १ | हनुमान मंदिर देखि दक्षीण चियापुर सिंगापुर सडक कालोपत्रे - वडा नं. १ | |
| २ | कुम्याही शंकर आ.वि. कुम्याही देखि सघुनाथपुर जोड्ने बाटो कालोपत्रे- वडा नं. २<br>(वडा नं. २ र ८ को सोही बाटोमा पर्ने कल्भर्ट निर्माण) | |
| ३ | पूर्व टोल सिंगिया देखि खानेपानी सिंगिया ग्रामथान सडक कालोपत्रे निर्माण- वडा नं. ३ | |
| ४ | सोशन बुढाथोकीको घर देखि ग्रामथान कालिन्दर चौधरीको घर जाने बाटो हुदैं बराहक्षेत्र जोड्ने बाटो कालोपत्रे - वडा नं. ४ | |
| ५ | शिव शक्ती मन्दिर देखि पश्चिम तर्फ कालोपत्रे - वडा नं. ५ | |
| ६ | गिता राईको घर देखि शंकरबेलि पर्यटन क्षेत्र जाने बाटो कालोपत्रे- वडा नं. ६ | |
| ७ | तरहरा चतरा मार्गको हातीमारा हुँदै झर्नाही जाने बाटो कालोपत्रे- वडा नं. ७ | |

बैठक संख्या: ७।२०८३-२०८४
बैठक मिति:२०८३।०५।२६ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| | | |
|---|---|---|
| ८ | पंचमुखी चौक देखि उत्तर नहरको बाटो हुदैं २ नं. वडा जाने बाटो कालोपत्रे- वडा नं. ८ | |
| ९ | धुरहा स्टेडियम, मचौंया, वडा कार्यालय हुँदै सितपुर जोड्ने बाटो कालोपत्रे ४.५ कि.मि. - वडा नं. ९ | |

**निर्णय नं.२(क)**

रामधुनी नगरपालिका वडा नं. ८ को च.नं. १७२,मिति २०८३।०५।२६ गतेको प्राप्त पत्रानुसार 'शेहरा खोला पुल निर्माण शीर्षकमा विनियोजित रु. ७,००,०००।— रकम रकमान्तर गरी रेग्मी टोलबाट रघुनाथपुर जाने बाटो कालोपत्रे शीर्षकमा थप गरी कुल रु. ४७,००,०००।— कायम हुने गरी योजना संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिकाको आन्तरिक आय प्रवर्द्धनका लागि जीवजन्तु, जडिवुटी तथा कवाडी कर संकलनका लागि ठेक्का आव्हान गर्न गत वर्षको ठेक्का अंकको १० प्रतिशत वृद्धि गरि न्युनत्तम ठेक्का अंक कायम गर्ने गरी राजस्व परामर्श समितिवाट सिफारिस भइ आए वमोजिम सोही वमोजिम गर्ने गरि निर्णय गरियो ।

**निर्णय नं.२(ग)**

रामधुनी नगरपालिकाको स्वामित्वमा रहेका सटर वहालमा लगाउने सम्वन्धी कार्यविधि २०८३ स्वकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(घ)**

तेह्र बालवालिका स्मृति विद्यालय वडा नं. ६ लाई गत आर्थिक वर्षमा संघीय विशेष अनुदानबाट कार्य सञ्चालन गर्ने गरी निर्णय भई रु. २,४०,०००।— पेश्कीसमेत उपलब्ध गराइएकोमा उक्त शीर्षकको वजेट फ्रिज भई भुक्तानी बाँकी रहेको देखिएकाले पेश्की फछ्र्यौट गरी बाँकी रकम रु. ७,३९,०००।— पालिकातर्फको समपूरक कोषबाट भुक्तानी दिने निर्णय गरियो।

बैठक संख्या: ७।२०८३-२०८४
बैठक मिति:२०८३।०५।२६ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ङ)**

रामधुनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा घ वर्गको इजाजतपत्र जाँचबुझ समितिबाट सिफारिस भई आएको रामधुनी नगरपालिका–३, सुनसरीस्थित सूर्यपथ इन्फ्रास्ट्रक्चर प्रा.लि. लाई प्रचलित कानूनबमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.२(च)**

प्रस्तावित इलाका प्रहरी कार्यालयको च.नं. १६९,मिति २०८२।११।०८ गतेको प्राप्त पत्रानुसार उक्त कार्यालयको सवारी साधन मर्मत तथा सर्भिसिङबापत प्राप्त बिलबमोजिमको रकम आवश्यक कागजात पूरा गरी भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.२(छ)**

रामधुनी नगरपालिकाको मुख्य झुम्का बजारस्थित पूर्व–पश्चिम राजमार्गमा ANPR क्यामेरा प्राविधिक स्पेसिफिकेसन तथा स्वीकृत लागत अनुमानबमोजिम जडान गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ज)**

रामधुनी नगरपालिकाबाट विभिन्न मितिमा जारी भएका आदेशबमोजिम R.S. Suppliers रामधुनी नगरपालिका–१ द्वारा उपलब्ध गराइएको खादा, माला, मायाको चिनो लगायतका सामग्रीको बिलबमोजिमको रकम रू ५८,३३०।- आवश्यक कागजात पूरा गरी भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.२(झ)**

रामधुनी नगरपालिका वडा नं. २ को च.नं. ७००, मिति २०८३।०५।२५ गतेको प्राप्त पत्रानुसार उक्त वडास्थित कालीझोडा चोकबाट रामधुनी जाने बाटोमा पर्ने पिचरा खोलाको काठे पुल मर्मत गर्नुपर्ने भएकाले प्राविधिक स्टिमेटबमोजिम मर्मत कार्य सम्पन्न गरी आवश्यक कागजात पूरा गरी भुक्तानी दिने निर्णय गरियो।

बैठक संख्या: ७।२०८३-२०८४
बैठक मिति:२०८३।०५।२६ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिकाको कार्यालयको सभाहल

निर्णय नं.२(य)

घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर व्यवस्थापन खर्च सम्वन्धी कार्यविधि, २०८३" लाई विधायन समितिमा छलफलका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरियो।